| ३२. | १७२१९/०८०-८१ | अस्पताल नर्सिङ प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ | खुला | - | १(एक) | १(एक) | | |
| ३३. | १७२२०/०८०-८१ | कन्सल्टेण्ट इण्डोडोण्टिष्ट, स्वास्थ्य, डेण्टिष्ट्री, इण्डोडोण्टिष्ट | आ.प्र. | - | १(एक) | १(एक) | | २०८०/१०/०९ |
| ३४. | १७२२१/०८०-८१ | कन्सल्टेण्ट डेण्टल प्रोस्थोडोन्टिष्ट, स्वास्थ्य, डेण्टिष्ट्री, प्रोस्थोडोन्टिष्ट | आ.प्र. | - | १(एक) | १(एक) | | २०८०/१०/१० |
| ३५. | १७२२२/०८०-८१ | उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे, ज.मे.ल्या.टे. | आ.प्र. | - | २(दुई) | २(दुई) | | २०८०/१०/११ |
| ३६. | १७२२३/०८०-८१ | उपप्रमुख माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी | आ.प्र. | - | १(एक) | १(एक) | | २०८०/१०/१२ |
| ३७. | १७२२४/०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्पेक्सन | आ.प्र. | - | २(दुई) | २(दुई) | | २०८०/१०/१३ |
| ३८. | १७२२५/०८०-८१ | कन्सल्टेण्ट होमियोप्याथिक चिकित्सक, स्वास्थ्य, होमियोप्याथी | आ.प्र. | - | १(एक) | १(एक) | | २०८०/१०/१४ |
| ३९. | १७२२६/०८०-८१ | वरिष्ठ क्लिनिकल साइकोलोजिष्ट, स्वास्थ्य, विविध, साइकोलोजी | आ.प्र. | - | १(एक) | १(एक) | | पछि प्रकाशित गरिनेछ। |

**विज्ञापनसम्बन्धी विशेष सूचना :-**

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० को उत्प्रेषण समेतको निवेदनमा मिति २०७९/१०/२४ मा भएको आदेश बमोजिम खुला समावेशीतर्फको रिक्त पदमा प्रतिशत निर्धारण गरी कायम हुन आएका पदहरू छुट्याइ सुरक्षित गरी राखिएको छ। उक्त पदहरु सम्मानित अदालतको आदेश बमोजिम समावेशी समूहका लागि कानुनी व्यवस्था भए बमोजिम पदपूर्ति गर्ने गरी पछि सूचना प्रकाशन गरिनेछ।

**परीक्षाको किसिम:-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

**लिखित परीक्षाको माध्यम भाषा:-** पाठ्यक्रममा तोकिएबमोजिम हुनेछ।

**परीक्षा केन्द्र:-** काठमाण्डौ।

**दरखास्त दस्तुर:-** रा.प. प्रथम श्रेणी, अधिकृत प्रथम श्रेणी तथा एघारौं तहको लागि दरखास्त दस्तुर रु. २,५००।- (दुई हजार पाँच सय) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु. ६००।- (छ सय) थप दस्तुर बुझाउनु पर्नेछ।

रा.प. द्वितीय श्रेणी, अधिकृत द्वितीय श्रेणी तथा नवौं तहको लागि रु. २०००।- (दुई हजार) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु. ५००।- (पाँच सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८०/७/१५ र दोब्बर दस्तुर तिरी २०८०/७/२२ सम्म।

**उम्मेदवारको उमेरको हद :**
- २०८०/७/१५ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको।
- बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान :** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोवार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि :** ढिलोमा २०८०/७/२३ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरु :** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अनिवार्य अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान (Scan) गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह, उपसमूह सम्बन्धी ।

**तलबः-** प्रचलित कानून बमोजिम ।

**सेवासम्बन्धी निकायः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित निकायहरु ।

## आवश्यक न्यूनतम योग्यता

### *(क) आ.प्र.को लागि*

**अ) निजामती सेवातर्फ**

१. राजपत्रांकित प्रथम श्रेणीको लागि निजामती सेवाको बढुवा हुने पदसँग सम्बन्धित सेवाको रा.प.द्वितीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको र राजपत्रांकित द्वितीय श्रेणीको लागि राजपत्रांकित तृतीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको । निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४क) अनुसार राजपत्रांकित द्वितीय श्रेणीको आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिने पदहरुमा सो पदका लागि तोकिए बमोजिमको सेवा अवधि र योग्यता पुगेका निजामती सेवा ऐन, २०४९, संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् । तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ । नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

२. विज्ञापन गरिएको पदसँग सम्बन्धित सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भएको ।

**आ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिमको सेवा अवधि पूरा गरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनु पर्नेछ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ । दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूहसम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम भएको हुनुपर्नेछ ।

**इ) राष्ट्रिय मानव अधिकार सेवातर्फ**

बढुवा हुने पद भन्दा सम्बन्धित सेवाको एक श्रेणी मुनिको पदको लागि तोकिएको शैक्षिक योग्यता पूरा गरेको र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०७२ को नियम ३१ बमोजिमको सेवा अवधि पूरा गरेको हुनुपर्नेछ ।

### *(ख) खुलाको लागि*

**अ) निजामती सेवातर्फ**

सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा राजपत्रांकित द्वितीय श्रेणीको पदको हकमा पाँच वर्ष र राजपत्रांकित प्रथम श्रेणीको पदको हकमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ ।

**आ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची- ६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा नवौं तहको हकमा पाँच वर्ष र एघारौं तहको हकमा सात वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ । दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूहसम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ ।

**ई) राष्ट्रिय मानव अधिकार सेवातर्फ**

मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा सात वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ ।

## खुलातर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम शैक्षिक योग्यता

### (अ) राजपत्रांकित प्रथम श्रेणी, सहसचिव वा सो सरह पदका लागि

१. **नेपाल न्याय सेवा, न्याय/कानून/सरकारी वकिल समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **नेपाल प्रशासन सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त ।

३. **नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा वाटर रिसोर्स डेभलपमेन्ट वा हाइड्रोलोजी वा वाटर युज म्यानेजमेन्ट वा स्ट्रक्चरल इन्जिनियरिङ्ग वा वाटर रिसोर्स इन्जिनियरिङ्ग वा हाइड्रोलोजीकल इन्जिनियरिङ्ग वा ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट वा हाइड्रोइन्फरमेटिक्स वा इरिगेशन इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट वा वाटर इन्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चर प्लानिङ्ग वा हाइड्रोलोजी एण्ड वाटर रिसोर्स वा हाइड्रोलिक इन्जिनियरिङ्ग ट्रपिकल वाटर म्यानेजमेन्ट वा सिभिल एण्ड म्युनिसिपल इन्जिनियरिङ्ग वा कन्सट्रक्सन म्यानेजमेन्ट वा एप्लाईड जियोमर्फोलोजिकल एण्ड इन्जिनियरिङ्ग जियोलोजिक सर्भे वा वाटर रिसोर्सेस म्यानेजमेन्ट वा इन्जिनियरिङ्ग सर्भे वा जियोटेक्निकल इन्जिनियरिङ्ग वा नेचुरल रिसोर्स म्यानेजमेन्ट वा हाइड्रोलिक इन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

४. **नेपाल इन्जिनियरिङ्ग सेवा, जियोलोजी समूह, हाइड्रोजियोलोजी उपसमूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोजियोलोजी विषयमा वा हाइड्रोजियोलोजी वा ग्राउन्ड वाटर हाइड्रोलोजी लिइ जियोलोजी वा जियोफिजिक्स वा जियोलोजीकल इन्जिनियरिङ्ग वा एप्लाइड जियोलोजीमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी ग्राउन्ड वाटरसम्बन्धी विषयमा ३ महिनाको तालिम प्राप्त ।

५. **वन सेवा, फरेष्ट रिसर्च समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु/पार्क्स व्यवस्थापन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा वातावरण व्यवस्थापन विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

६. **शिक्षा, शिक्षा प्रशासन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त ।

## (आ) राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव वा सो सरह तथा अधिकृत द्वितीय श्रेणी

१. **नेपाल न्याय सेवा, न्याय, कानून, सरकारी वकिल समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **नेपाल परराष्ट्र सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त ।

३. **नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण ।

४. **नेपाल प्रशासन सेवा, लेखा समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमा स्नातकोत्तर उत्तीर्ण ।

५. **नेपाल प्रशासन सेवा, राजस्व समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, कानून, अर्थशास्त्र, जनप्रशासन, गणित वा तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उत्तीर्ण ।

६. **नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स मध्ये कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

७. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

८. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह:** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा स्वायल मेकानिक्स एण्ड फाउन्डेसन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा वायो इञ्जिनियरिङ्ग वा इञ्जिनियरिङ्ग जियोलोजी वा कन्स्ट्रक्सन म्यानेजमेन्ट वा प्रोजेक्ट म्यानेजमेन्ट वा इन्टरनेशनल कन्सट्रक्सन प्रोजेक्ट म्यानेजमेन्ट एण्ड इम्प्लिमेन्टेशन अफ डेभलपमेन्ट प्रोजेक्ट वा कन्स्ट्रक्सन इञ्जिनियरिङ्ग एण्ड म्यानजमेन्ट वा इञ्जिनियरिङ्ग प्रोजेक्ट म्यानेजमेन्ट वा ट्रान्सपोर्ट प्लानिङ वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशन इञ्जिनियरिङ्ग वा ब्रिज इञ्जिनियरिङ्ग वा इनभारोन्मेन्टल इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चरल इञ्जिनियरिङ्ग वा ट्राफिक इञ्जिनियरिङ्ग वा रिभर इञ्जिनियरिङ्ग वा हाइड्रोलोजी इञ्जिनियरिङ्ग वा अर्थक्वेक इञ्जिनियरिङ्ग वा प्रोजेक्ट प्लानिङ्ग एण्ड डेभलपमेन्ट वा अर्वन ट्रान्सपोर्ट प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

९. **नेपाल इञ्जिनियरिङ्ग सेवा, माइनिङ्ग इञ्जिनियरिङ्ग समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट माइनिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

१०. **नेपाल कृषि सेवा, खा.पो. तथा गु.नि. :** राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता मध्ये स्नातक तह हासिल गरी अनुभव हासिल गरेकाहरुको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उतीर्ण तथा स्नातकोत्तर तह उतीर्ण गरी अनुभव हासिल गरेकाको हकमा सम्बन्धित विषयमा विद्यावारिधि उपाधि हासिल गरको ।

११. **नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह :** मान्यत प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त ।

# स्वास्थ्य सेवाको एघारौं र नवौं तहका आ.प्र.र खुलातर्फका पदहरुको आवश्यक न्यूनतम योग्यता

## *(क) आ.प्र.को लागि*

### एघारौं तह (पद, सेवा, समूह, उपसमूह):

१. **प्रमुख कन्सल्टेन्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

२. **प्रमुख कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

३. **प्रमुख कन्सल्टेन्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी, रेडियो डाइग्नोसिस :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी रेडियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

४. **प्रमुख कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी एनेस्थेसियोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह ।

५. **प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी प्याथोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह ।

६. **प्रमुख कन्सल्टेण्ट अप्थल्मोलोजिष्ट, स्वास्थ्य, अप्थल्मोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी अप्थल्मोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह ।

७. **प्रमुख जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्सपेक्शन:** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त ।

### नवौं तह (पद, सेवा, समूह, उपसमूह):

१. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

२. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि न्यूरोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

३. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि कार्डियोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

४. **कन्सल्टेण्ट ट्रपिकल मेडिसिन मेडिसिन फिजिसियन, स्वास्थ्य, मेडिसिन, ट्रपिकल मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ट्रपिकल मेडिसिनमा स्नातकोत्तर वा ट्रपिकल मेडिसिनमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

५. **कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन), स्वास्थ्य, मेडिसिन, चेष्ट डिजिज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी चेष्ट डिजिजेजमा स्नातकोत्तर वा चेष्ट डिजिजेजमा डिप्लोमा वा सो सरह ।

६. **कन्सल्टेण्ट ग्याष्ट्रोइन्टेरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, ग्याष्ट्रो इन्टेरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ग्याष्ट्रोइन्टेरोलोजीमा स्नातकोत्तर वा ग्याष्ट्रोइन्टेरोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

७. **कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, मेडिकल अंकोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी मेडिकल अंकोजोजीमा स्नातकोत्तर वा मेडिकल अंकोलोजीमा पोष्ट ग्राजुयट वा डिप्लोमा वा सो सरह ।

८. **फरेन्सिक मेडिकल अधिकृत, स्वास्थ्य, मेडिसिन, फरेन्सिक मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी फरेन्सिक मेडिसिनमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

९. **कन्सल्टेण्ट सर्जन स्वास्थ्य, सर्जरी, जनरल सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१०. **कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, स्वास्थ्य, सर्जरी, काडियोथोरासिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोथोरासिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि कार्डियोथोरासिक सर्जरीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

११. **कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट सर्जन, स्वास्थ्य, सर्जरी, ग्याष्ट्रो इन्टेरोलोजिकल सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त गरी ग्याष्ट्रो इन्टेरोलोजीकल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजिमा डिप्लोमा वा सो सरह ।
१२. **कन्सल्टेण्ट प्लाष्टिक सर्जन, स्वास्थ्य, सर्जरी, वर्न तथा प्लाष्टिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी वर्न तथा प्लाष्टिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल प्लाष्टिक सर्जरीमा डिप्लोमा वा सो सरह ।
१३. **कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल न्यूरो सर्जरीमा डिप्लोमा वा सो सरह ।
१४. **कन्सल्टेण्ट किड्नी ट्रान्स्प्लान्ट सर्जन, स्वास्थ्य, सर्जरी, किड्नी ट्रान्स्पान्ट सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट किड्नी ट्रान्स्प्लान्ट सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा एम.एस. जनरल सर्जरी उत्तीर्ण गरी ट्रान्स्प्लान्ट सर्जरीमा कम्तिमा ५ वर्षको अनुभव प्राप्त ।
१५. **कन्सल्टेण्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी, रेडियो डाइग्नोसिस** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी रेडियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।
१६. **कन्सल्टेण्ट रेडियोथेरापिष्ट, स्वास्थ्य, रेडियोलोजी, रेडियोथेरापी** : मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोथेरापीमा स्नातक उपाधि प्राप्त ।
१७. **कन्सल्टेण्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी/लेप्रोलोजी/भेनेरल डिजिजेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेज विषयमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।
१८. **कन्सल्टेण्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी साइक्याट्रीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह उपाधि प्राप्त ।
१९. **कन्सल्टेण्ट निओनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक्स, निओनेटोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी निओनेटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त गरी निओनेटोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।
२०. **कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी एनेस्थेसियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।
२१. **मेडिकल सुपरिटेण्डेन्ट, स्वास्थ्य, ज.हे.स. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त ।
२२. **कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी प्याथोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।
२३. **अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त ।
२४. **कन्सल्टेण्ट इण्डोडोण्टिष्ट, स्वास्थ्य, डेन्टिष्ट्री, इण्डोडोण्टिष्ट :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.डि.एस. उत्तीर्ण गरी एम.डी.एस. (**Endodontics**) उपाधि प्राप्त ।
२५. **कन्सल्टेण्ट प्रोस्थोडोण्टिष्ट, स्वास्थ्य, डेन्टिष्ट्री, प्रोस्थोडोण्टिष्ट :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.डि.एस. उत्तीर्ण गरी एम.डी.एस. (**Prosthodontics**) उपाधि प्राप्त ।
२६. **उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी, जनरल मेडिकल ल्याब टेक्नोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।
२७. **उपप्रमुख माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल माइक्रोबायोलोजी विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।
२८. **जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्सपेक्शन:** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त ।
२९. **कन्स्लेटेण्ट होमियोप्याथिक चिकित्सक, स्वास्थ्य, होमियोप्याथी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट होमियोप्याथीमा स्नातक उपाधि प्राप्त ।
३०. **वरिष्ठ क्लिनिकल साइकोलोजिष्ट स्वास्थ्य, विविध :** मान्यता प्राप्त शिक्षण संस्थाबाट क्लिनिकल साइकोलोजी विषय लिई स्नातकोत्तर (एम.फिल) उपाधि प्राप्त ।

### *(ख) खुलाको लागि*

**एघारौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।
२. **प्रमुख कन्सल्टेण्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त ।
३. **प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

**नवौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।
२. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।
३. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।
४. **कन्सल्टेण्ट ग्याष्ट्रोइन्टेरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, ग्याष्ट्रोइन्टेरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ग्याष्ट्रोइन्टेरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।
५. **फरेन्सिक मेडिकल अधिकृत, स्वास्थ्य, मेडिसिन, फरेन्सिक मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट फरेन्सिक मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।
६. **कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।
७. **कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट सर्जन, स्वास्थ्य, सर्जरी, ग्याष्ट्रो इन्टेरोलोजीकल सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्जिकल ग्याष्ट्रोइन्टेरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।
८. **कन्सल्टेण्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रीमा स्नातकोत्तर उपाधि प्राप्त ।
९. **अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग :** मान्यता शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

## उम्मेदवारले पेश गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

**अ) खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारहरुको लागि आवश्यक अनुभव**

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।

(१) निजामती तथा अन्य सरकारी निकाय
(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था
(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति
(४) ऐनद्वारा स्थापित संस्था वा निकाय
(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय
(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरु
(७) विश्वविद्यालयको आंगिक क्याम्पस
(८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव पेश गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

(ज) राजपत्रांकित प्रथम तथा द्वितीय श्रेणी वा सो सरहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ ।

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।

(ञ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।

(ट) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारहरु दरखास्त दिने अन्तिम मिति सम्ममा अनिवार्य रुपमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ ।

(ठ) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residental अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ ।

**इ) स्वास्थ्य सेवातर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष सूचना**

स्वास्थ्य सेवातर्फ नवौं र एघारौं तह (आ.प्र. तथा खुला) का प्रतियोगितात्मक परीक्षातर्फका पदहरुमा अनलाईन दरखास्त दिने उम्मेदवारहरुले आफूले दरखास्तमा उल्लेख गरेका कागजातहरुको प्रतिलिपि पेश गर्ने विषयको चेकलिष्ट लोक सेवा आयोगको वेवसाइट psc.gov.np को डाउनलोड मेनुबाट डाउनलोड गरी उक्त चेकलिष्टमा उल्लेखित कागजपत्रहरुको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी चेकलिष्ट समेत भरी फाइलमा संलग्न गरी दरखास्त दिने अन्तिम मितिको ७ (सात) दिन भित्र रुजु प्रयोजनका लागि दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ । यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरिनेछ ।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) परीक्षा प्रयोजनका लागि आयोगबाट तोकिएका शर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ ।

(झ) पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

***www.psc.gov.np***